Study in NEW ZEALAND
Dreaming New Zealand?
Rajected already New Zealand or any country?
Low academic Percentage or Academic Gap ?
Certified by: NEW ZEALAND · ICEF Trained Agent Counselor- ITAC 0827 · Cambridge English Language Assessment
Why New Zealand?
- Country having world top Ranked Education
- IELTS not mendatory (New NZQA Policy)
- Pay after Visa confirmation (AIP)
- Guaranteed Graduate Job Search Visa after Study
- Dependent Visa Facility
- Working and PR Visa Opportunity
Meet Highly Trusted Consultant
Your Visa Application will be Checked & handled by EX-VISA OFFICERS & LICENSED IMMIGRATION LAWYERS

BEACON
Premier International Education
Study Abroad, Immigration & Test Preparation Center
Siddhartha Chowk Pokhara
PH: 061-528812
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np
Find us : www.facebook.com/beaconpage

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

❍वर्ष ६ ❍अंक ३८ ❍श्रेणी 'क' ❍२०७१ कार्तिक १८ गते मंगलबार ❍ 04 NOV. 2014 ❍पृष्ठ ४ ❍मूल्य रू. ३/-

Study & work in JAPAN
Intake: April... 100% Visa Sucess in Oct. 2014
सम्पूर्ण खर्च सहित सात लाखमा
❖Free NAT/JLPT classes ❖Pay after visa
❖100% Part Time Job support ❖Full support in Japan
❖+12 & above can apply ❖Scholarship available
❖Translation & Documentation ❖NAT/JLPT not required
❖College of your Choice ❖Age bar/Gap No Problem
❖NAT/JLPT classes are running by language expert
हाम्रो विशेषता : भिषा पश्चात् विद्यार्थीलाई आफैले लगेर कामको र बसोबासको वन्दोवस्त मिलाईने
NADESHIKO Language Institute
Ranipauwa, (ब्यारेक, मणिपाल बस स्टपको ठीक अगाडि)
(Karmacharya Hardware सगै)
977- 61-522668, 9805877868

सत्तापक्षको प्रस्ताव संवैधानिक समितिमा

संसद्बाट निर्वाचित प्रधानमन्त्री र सात प्रदेशको खाका

काठमाडौं १७ कार्तिक ।(रासस)

नेपाली काँग्रेस, नेकपा(एमाले) लगायतका राजनीतिक दलले संविधान निर्माण प्रक्रियामा देखिएको विवाद समाधान गर्ने दाबीका साथ सामूहिक प्रस्ताव पेस गरेका छन् । संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिको बैठकमा राज्य पुनःसंरचना, शासकीय स्वरुप, न्याय प्रणाली, निर्वाचन प्रणालीका विषयमा आफ्नो प्रस्ताव पेस गरेका हुन् । सामूहिक प्रस्तावमा सातवटा सङ्घीय राज्य रहने र प्रदेश निर्माणको आधार पहिचान र सामर्थ्यलाई जोड दिइएको छ । जातीय, भाषिक र सांस्कृतिक स्थिति, समुदायको बसोबास तथा भौगोलिक र ऐतिहासिक निरन्तरतालाई ध्यान दिइएको उल्लेख गरिएको छ ।

सत्तारुढ दलका तर्फबाट पेस गरिएको प्रस्तावमा कोसी, जनकपुर, वाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश रहने व्यवस्था गरिएको छ । कोशी प्रदेशमा ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, सङ्खुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ र उदयपुर जिल्ला रहने छन् । जनकपुर प्रदेशमा सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा रहने छ ।

यस्तै, वाग्मती प्रदेशमा सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, ललितपुर, भक्तपुर, काठमाडौं, चितवन, मकवानपुर, धादिङ, रसुवा र नुवाकोट रहनेछन् ।

प्रतिपक्षीदलद्वारा अस्वीकार

एकीकृत नेकपा माओवादी अध्यक्ष प्रचण्डले कांग्रेस, एमालेसहितका सत्तारुढ दलहरुले सम्वाद समितिमा पेश गरेको सात प्रदेशको 'साझा प्रस्ताव' अगाडि बढाउन नदिई रोकेका छन् । संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिको सोमबारको बैठकमा प्रधानमन्त्री एवं कांग्रेस सभापति सुशील कोइराला र एमाले अध्यक्ष केपी शर्मा ओलीले साझा प्रस्ताव पेश गरेका थिए । उनीहरुको प्रस्ताव दर्ता गर्न मिल्दैन । नियमावलीले दिँदैन । तर, एमाओवादी अध्यक्ष प्रचण्डले कांग्रेस(एमालेको प्रस्ताव दर्ता हुन नसक्ने बताए । उनले प्रक्रियागतरुपमा समेत प्रस्ताव गलत भएको भन्दै नियमावलीअनुसार दर्ता हुन नसक्ने बताएका हुन् । कांग्रेस-एमालेले जनआन्दोलनको म्याण्डेट विपरीत प्रस्ताव ल्याएको भन्दै प्रचण्डले सुशील र केपीलाई जनताले माफ नगर्ने चेतावनी दिएका छन् । झण्डै आधा घण्टा बोलेका प्रचण्डले कांग्रेस र एमालेको प्रस्ताव सन्दर्भ सामाग्री हुन सक्ने तर निर्णय प्रक्रियामा लैजान नसक्ने बताए । बैठकपछि एमाओवादी अध्यक्ष प्रचण्डले भने-'उहाँहरुको प्रस्ताव दर्ता गर्न मिल्दैन । नियमावलीले दिँदैन । यो सन्दर्भसामाग्री मात्रै हो ।' तर, कांग्रेस उपसभापति रामचन्द्र पौडेलले नियमावलीअनुसार नै प्रस्ताव दर्ता हुने बताए । उनले भने-'यो प्रस्तावलाई सम्वाद समितिले अगाडि बढाउनुपर्छ ।' कांग्रेस-एमालेको प्रस्ताव प्रक्रियागत रुपमा सही भए नभएको विषयमा नै विवाद भएपछि सम्वाद समितिको बैठक केहीबेर स्थगित भयो । तर, फेरि बसेको बैठकमा पनि कुनै सहमति हुन नसकेपछि बैठक जारी रहने गरी मंगलबार १२ बजेसम्म स्थगित गरिएको छ ।

गण्डकी प्रदेशमा गोरखा, लमजुङ, तनहुँ, स्याङजा, कास्की, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ, पाल्पा, गुल्मी, अर्घाखाची र नवलपरासी जिल्लाको दाउन्ने पूर्वको भाग रहनेछन् । लुम्बिनी प्रदेशमा नवलपरासी जिल्लाको दाउन्ने पश्चिमको भाग, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया जिल्लालाई समावेश गरिएको छ । कर्णाली प्रदेशमा प्युठान, रोल्पा, रुकुम, सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु र हुम्ला जिल्ला रहनेछ भने सुदुरपश्चिम प्रदेशमा बाजुरा, बझाङ, अछाम, डोटी, कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुला जिल्लालाई समावेश गरिएको छ ।

प्रदेशको राजधानी प्रदेश सरकारको सिफारिसमा प्रदेश सभाले तोक्नेछ भने संविधान आरम्भ हुँदाका बखत सो निर्णय नभएसम्मका लागि केन्द्र सरकारले प्रदेशको राजधानी तोक्नेछ । प्रदेशको नाम परिवर्तन गर्नुपरेमा प्रादेशिक सरकारको अनुमति प्राप्त गरी प्रादेशिक सरकारले केन्द्र सरकारको अनुमति प्राप्त गरी प्रादेशिक संसदको दुई तिहाई बहुमतले पारित गर्नुपर्नेछ । सङ्घीय नेपालको राजधानी काठमाडौं रहने र प्रदेशमा सरकारी कामकाजको भाषा नेपाली वा प्रदेश सभाले तोकेअनुसार कुनै दुई प्रमुख भाषा हुनेछ । प्रदेशको सिमाङ्कनको निरुपण गर्न सङ्घीय आयोग गठन गरिनेछ र आयोगको सिफारिसमा सङ्घीय सरकारको निर्माण गरिनेछ । प्राकृतिक स्रोत तथा साधनको उपलब्धता, प्रशासनिक सुगमता, आर्थिक सामर्थ्य र भौतिक पूर्वाधारको पक्षलाई समेत प्रदेश निर्माणको आधार बनाइएको प्रस्तावमा उल्लेख गरिएको छ ।

यस्तै, स्थानीय तह, विशेष संरचनासमेत प्रदेशभित्र रहने व्यवस्था गरिएको छ । स्थानीय तहमा गाउँपालिका, नगरपालिका र जिल्ला रहनेछन् । प्रदेश सरकार गठन भएको एक वर्षभित्र स्थानीय तहको नाम, सङ्ख्या र क्षेत्र निर्धारण गर्ने प्रादेशिक सरकारको उच्चस्तरीय आयोग गठन गर्ने, नयाँ संविधानअनुसार स्थानीय तहको गठन नभएसम्म विद्यमान स्थानीय निकायहरु कायम रहने प्रस्तावमा समावेश गरिएको छ ।

प्रदेशभित्र आवश्यकता अनुसार नाम, क्षेत्राधिकारसहित कानुन बमोजिम विशेष संरचना क्षेत्र घोषणा गर्न सकिने र विशेष संरचनाले जाति भाषा र संस्कृतिको विकास एवम् सम्वर्द्धनका लागि काम गर्नेछ । सङ्घ र प्रदेशबीचको विवाद समाधानका लागि प्रधानमन्त्रीको अध्यक्षतामा गृहमन्त्री, रक्षामन्त्री, अर्थमन्त्री, सङ्घीय मामिला तथा स्थानीय मन्त्री र सम्बन्धित

बाँकी अन्तिम पृष्ठमा......

पोखरा विश्वविद्यालयमा कामकाज ठप्प

✍गोल्डेन न्यूज संवाददाता
पोखरा १७ कार्तिक ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पोखरा विश्वविद्यालयका पदाधिकारीलाई विश्वविद्यालयमा भ्रष्टाचार गरेको कसुरमा पक्राउ गरेपछि विश्वविद्यालयको कामकाज ठप्प भएको छ ।

विश्वविद्यालयमा जिम्मेवार पदाधिकारी कोही पनि नभएपछि कर्मचारी र शिक्षकमा कसको आदेशमा के काम गर्ने भन्ने अन्योल परेको सूचना अधिकृत लोकेश ढकालले बताए । विश्वविद्यालय र आङ्गिक क्याम्पसका आन्तरिक परीक्षा, छात्रवृत्तिको फारम भर्ने, सङ्घसंस्था र निर्माण कार्यका लागि ठेकेदारलाई भुक्तानी दिने काम ठप्प छ । लेखा शाखाका प्रमुखसमेत कारबाहीमा परेपछि विश्वविद्यालयका कर्मचारी, शिक्षक र विद्यार्थीलाई ओसार्ने तीन वटा बसमा राख्न नसकी बस सेवा बन्द हुन लागेको छ । बस सेवा बन्द भएपछि कार्यालयमा पुग्न कर्मचारीहरूलाई समस्या पर्न जाने देखिएको छ । गएको साउन महिनामा हुनुपर्ने विश्वविद्यालयको वार्षिक साधारणसभा हुन नसकेकाले बजेट पारित हुन सकेको छैन । बजेट पारित नहुँदा र पदाधिकारी नहुँदा कर्मचारी र शिक्षकको तलब भत्ता वितरणसमेत रोकिन पुगेको छ । पक्राउ परेका पदाधिकारीको विशेष अदालतमा भर्खर बयान सुरु भएकाले र वकिलहरूको बहस र थुनछेक जस्ता प्रक्रिया अझै बाँकी रहेकाले सरकारले विश्वविद्यालयको लागि वैकल्पिक व्यवस्था नगरे विश्वविद्यालयमा विकराल अवस्था सिर्जना हुने देखिएको कर्मचारी र शिक्षक बताउँछन् ।

यही स्थिति रह्यो भने आगामी फागुन महिनामा हुने विश्वविद्यालयको दीक्षान्त समारोह पनि रोकिने अवस्था सिर्जना हुने बताइएको छ । विश्वविद्यालय र चारवटा आङ्गिक क्याम्पसमा गरी २५ हजार छात्रछात्रा अध्ययनरत छन् । विश्वविद्यालयबाट ५८ वटा कलेजले सम्बन्धन लिएका छन् ।

गोदावरी प्रदर्शनी तथा पुष्प व्यापार मेलाको तयारी

✍गोल्डेन न्यूज संवाददाता
पोखरा १७ कार्तिक ।

फ्लोरिकल्चर एशोसिएशन नेपाल फ्यान कास्कीको आयोजनामा यही आउँदो मंसिर १ गतेदेखि ३ गते सम्म पोखरामा तेश्रो गोदावरी प्रदर्शनी तथा पुष्प व्यापार मेला हुने भएको छ । सो मेलामा करिव ३ सय प्रजातिका फूल विरुवा प्रदर्शनमा राखिने सोमवार पोखरामा अयोजित पत्रकार सम्मेलनमा जानकारी दिईएको छ । साथै सो मेलामा व्यवसायिक नर्सरीका कट्फ्लावर, कृषि औजार, मल वीउविजन सहित ३० वटा स्टल रहने बताईएको छ । सो मेला सम्पन्न गर्न करीव रु ७ लाख ५० हजार खर्च लाग्ने कार्यक्रम संयोजक प्रेम रानाले जानकारी दिएका छन् । सो मेलामा २५ लाखको कारोवार हुने र करिव १ लाख दर्शकले अवलोकन गर्ने संस्थाका अध्यक्ष दयाकुमार द्वाले बताए । 'पोखराको प्रकृति र सुन्दरतामा शान, पुष्प व्यवसायको प्रवर्द्धनमा वातावरणीय पहिचान' भन्ने नाराको साथ हुने सो मेला पोखरा सभागृहमा संचालन हुने छ । मेलामा सहभागी नर्सरीहरु मध्ये उत्कृष्ट स्पाईडर, मिडिएचर, रिफ्लेक्स, इन्टरमिडियट, उत्कृष्ट स्टल र उत्कृष्ट ल्याण्डस्केपलाई शिल्ड तथा प्रमाणपत्रद्वारा सम्मान गरिने संस्थाले जनाएको छ । पोखरामा यतिवेला फूलको कारोवारमा अत्मनिर्भर वन्दै गएको र वार्षिक करिव ४ करोडको फूलको कारोवार यहाँ हुने गरेको अध्यक्ष द्वाको भनाई छ । सो अवसरमा संस्थाका सल्लाहकार वसन्तबहादुर बानियाँ, उपाध्यक्ष कृष्णबहादुर काकीले पनि आ आफ्नो भनाई राखेका थिए ।

मेलाका लागि करिब ७ लाख ५० हजार खर्च हुने र २५ लाखको व्यापार हुने आयोजकको अनुमान छ । मेलामा १ लाख दर्शकले अवलोकन गर्ने अनुमान समेत आयोजकको छ ।

बाल न्यायिक अनुसन्धान केन्द्रको भवन निर्माण

✍गोल्डेन न्यूज संवाददाता
पोखरा १७ कार्तिक ।

जिल्ला प्रहरी कार्यालय कास्कीको हातामा बाल न्यायिक अनुसन्धान केन्द्रको भवन निर्माण गरिएको छ । अनुसन्धानका लागि हिरासतमा लिइएका बालबालिकालाई राख्न थ्री एन्जल्स नेपालको रु नौ लाख ७७ हजार ५७३ को लागतमा उक्त भवन बनाइएको हो । हिरासतमा राखिएका बालबालिकालाई हतकडी, उमेर पुगेका मानिस र एकान्त कुनामा राख्न नपाइने बालबालिका ऐनअनुसार उक्त भवन बनाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक वसन्तकुमार लामाले जानकारी दिए । प्रहरी अतिरिक्त महानिरीक्षक वीरेन्द्रबाबु श्रेष्ठले नवनिर्मित भवनको आज बिहान उद्घाटन गर्दै समाजमा शान्ति सुव्यवस्था कायम गर्ने कार्यमा प्रहरी गैरसरकारी सङ्घसंस्थाको सहकार्यमा अघि बढ्ने धारणा राखे ।

आफ्नो अधिकारको खोजी गर्दा अरूका अधिकार एवं प्रचलित नियम कानूनहरूको पनि ख्याल गरौं ।
नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

नेपालको एकमात्र अर्थोपेडिक (हाडजोर्नी तथा नशा) हस्पिटल जोरपाटी,काठमाडौंका वरिष्ठ डा. कैलाश भण्डारी पोखरामा
के तपाईं लामो समयदेखि हाडजोर्नी तथा नशाको समस्याबाट पीडित हुनुहुन्छ ? जस्तै हातखुट्टा करकरी दुःख्ने, खुट्टा सुनिने, हात सुनिने, शरीरको सम्पूर्ण भागको मासु पोल्ने, हात खुट्टा झमझमाउने, युरिक एसिड, वाथ, नियमित उपचार गरी सन्चो नभएका बिरामी जस्तै हड्डीले नशा च्यापेको, हड्डी खिइएको, शरीरको सम्पूर्ण जोर्नीहरू दुख्ने, औषधि खाएर पनि सन्चो नभएका बिरामीहरूको सही उपचार गर्न जुन हाडजोर्नी, युरिक एसिड, वाथ रोग लाग्यो त्यही रोग सम्बन्धी विशेषज्ञलाई उपचार गराई ढुक्क रही सही उपचार गर्न वरिष्ठ डा. कैलाश भण्डारी पोखरा आउँदै हुनुहुन्छ स्वास्थ्य लाभ लिनुहोला ।
बिरामी जाँच मिति : कार्तिक २२ गते शनिबार
समय : बिहान १० बजेदेखि बेलुका ३ बजेसम्म
सम्पर्क :
परिचित मेडिकल हल
पालिखेचोक, पोखरा, फोन : ९८४६०४१४९४

ईजरायल
ईजरायलमा लामो समय हिब्रु भाषाको ट्रेनिङ्ग प्राप्त गरी नेपाल आउनु भएका दक्ष हिब्रु भाषा प्रशिक्षकहरूद्वारा भाषा प्रशिक्षण तथा केयर गिभर तालिमका लागि धमाधम भर्ना लिइरहेको छ ।
ईच्छा शक्ति र लगानी तपाईको गन्तव्यमा पुर्‍याउने जिम्मा हाम्रो
पश्चिमाञ्चलको एकमात्र पुरानो हिब्रु भाषा प्रशिक्षण केन्द्र . . .
TOPS Language & Training Institute
महेन्द्रपुल, हुलाक पछाडि (मेडिकल लाइन)
(गोर्खा मेडिकलको दोस्रो तलामा)
फोन: ०६१-६२२२८९, ५२५८३५

जिरो प्वाइन्ट ट्राभल्स एण्ड टुर्स प्रा.लि.
Zero Point Travels & Tour (P.) Ltd.

Specially International Tickting & Domestice Ticket
अन्य सेवाहरू :
- Internation & Domestice Hotel Booking
- Touriest Bus Ticket and other Travels.
- Helicopter Charter
Mr. Chetan Karki
Zero Point Travels & Tours (P.) Ltd.
Nagdhunga, Pokhara-9, Nepal
Phone : +977-61-526004, 9856031455, 9846065544
Fax : +977-61-526004
Email : zeropointtravels@yahoo.com
Travelzeropoint@gmail.com
Website : www.zeropointravel.com.np

WORK IN JAPAN
Wanted
1. Nurse-10 2. Computer Engeneer-5
3. Agriculture Worker-15
For NIGATA KEN JAPAN
Orientation class : Saturday, 8th Nov.2014
Interested Candidate may apply soon
Study
रु.१ हजारमा भाषा तथा कम्प्युटर तालिम
❖Visa पछि मात्र रकम बुझाए हुने ।
❖NAT/JLPT नभएकाले पनि Apply गर्न सक्ने ।
❖ कलेज भर्ना भएको 15 दिनदेखि 1 महिनाको बीचमा 80 हजारदेखि 1 लाखसम्मको काम लगाई दिने र डेढ २ वर्षको बीचमा स्वतः Working Visa पाइने ।
❖अध्ययन पछि Care giver Traning गरि विश्व भरि जागिर खान पाईने ।
❖विद्यार्थीहरुको लागि सस्तो र सुविधा सम्पन्न Hostel को व्यवस्था ।
PHESC Educational Counsultancy
Srijanachowk, Pokhara: 061-532129
साथमा अन्य जुनसुकै देशमा Study तथा Visit भिषामा जान चाहनेले पनि सम्पर्क गर्नुहोला ।

आवश्यकता
यस पोखरा बहुमुखी क्याम्पसमा तपशिलका विषयमा अध्यापन गर्न प्राध्यापकहरुको आवश्यकता परेकोृ हुंदा आफ्नो योग्यताको प्रमाण–पत्र संलग्न बैयक्तिक विवरण सहित क्याम्पस प्रशासनका आवेदन गर्नुहुन सूचित गरिन्छ ।
तपशिल :

क्र.स	विषय	आवश्यक संख्या	योग्यता
१	अर्थशास्त्र	एक	सम्बन्धित विषयमा स्नातकोत्तर तह न्यूनतम् द्वितीय श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

छनौट प्रक्रिया : कक्षा अवलोकन र अन्तरवार्ता (सर्ट लिस्टको आधारमा)
आवेदन दस्तुर :रु.५००।
आवेदन दिने अन्तिम मिति २०७१/०७/२३ गतेसम्म
दोस्रोपटक प्रकाशित
सम्पर्क
पोखरा बहुमुखी क्याम्पस तथा महेन्द्र उ.मा.वि.
नयाँबजार, पोखरा
फोन : ०६१–५२१११३, ५२१११४, ५२८१००

■ एकाग्रतापूर्वक गरिएको विचारले असम्भवलाई पनि सम्भव बनाउँछ । - खप्तड स्वामी

सम्पादकीय . .

रेमिट्यान्सलाई व्यवस्थित गर

करिब २०४० सालबाट नेपाली युवाहरु वैदेशिक रोजगारीमा विदेश जाने प्रक्रिया सुरु भएको हो । अहिले यो क्रम तीव्र गतिमा छ । वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार पनि करिब २६ लाख ६५ हजार ९ सय ४ जनाले विदेशमा रोजगारी गर्न जान श्रम स्वीकृती लिएका छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार १९ लाख नेपाली वैदेशिक रोजगारमा रहेको देखिन्छ । अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम) का अनुसार ५७ लाख नेपाली बाहिरी मूलूकमा छन् । अर्को एक अन्तराष्ट्रिय गैर सरकारी संस्थाले हालै गरेको अध्ययन अनुसार कूल जनसंख्याको २० प्रतिशत नेपाली बाह्य मूलूकमा बसोबास गर्छन् भन्ने देखाएको छ । यि भिन्नभिन्न तथ्यांक र अध्ययनले पनि तेस्रो मूलुक र छिमेकी मित्र राष्ट्र भारतमा गरि करिब ६० लाख नेपाली मूलुक बाहिर रोजगारीमा गएको अनुमान लगाउन सकिन्छ । विश्वका १०९ मूलुकमा नेपालीहरु रोजगारीमा रहेका छन् । उनीहरु त्यहाँ रोजगारी र व्यवसाय गरि बसिरहेका छन । वैदेशिक रोजगारीमा गएका कामदारले पठाएको रकम बाटै अहिले मूलूकको अर्थतन्त्र चलिरहेको छ भन्दा पनि अन्यथा हुँदैन । मूलुकको झण्डै शत प्रतिशत आयात रेमिट्यान्स रकमले नै धानिरहेको छ । देशको कूल ग्राहस्थ्य उत्पादनमा रेमिट्यान्सको योगदान गत वर्ष २८.२ प्रतिशत रहेको थियो । जबकी ६८ प्रतिशत जनसंख्या निर्भर रहेको कृषि क्षेत्रको योगदान जिडिपीमा ३२.६ प्रतिशत मात्र थियो । यसरी हेर्दा मूलुकको अर्थतन्त्रमा रेमिट्यान्स रकम अर्थात वैदेशिक रोजगारको अंश बढ्दै गएको छ ।

दश वर्ष अघि आर्थिक वर्ष २०६०/०६१ मा रेमिट्यान्स वार्षिक ६५ अब भित्रिएकोमा गत आ.व. २०७०/०७१ मा ५४३ अर्ब २९ करोड रुपैयाँ भित्रिएको पाइन्छ । यसरी विगत दश वर्ष अघिको तूलनामा दश वर्ष पछि रेमिट्यान्स ८ गुणा भन्दा बढीले बृद्धि भएको छ । तर झण्डै हाम्रो वार्षिक बजेटको रकम बराबर रेमिट्यान्स रकम बाहिरबाट भित्रिएपनि त्यस रकमले देशको आर्थिक विकासको पूर्वाधार निर्माण, उर्जा उत्पादन, औद्योगिक विकास, निर्यात प्रबर्द्धन, पूँजी विकासमा खासै योगदान दिन सकेको पाइदैन । जसरी रेमिट्यान्स रकम विदेशबाट आयो त्यसरी नै त्यो रकम दैनिक उपभोग्य सामान र विलासिताका सामान आयात गर्न विदेशतिरै जाने गरेको छ । रेमिट्यान्स रकम वैदेशिक रोजगारमा जाने घर परिवारका सदस्यहरुले १० प्रतिशत पनि बचत गर्न सकेका छैनन् । वैदेशिक रोजगारीको रकम अत्याधिक ऋण तिर्न, छोराछोरी पढाउन, उपचार गर्न र खानपानमै सकिने गरेको छ । वैदेशिक रोजगारबाट पूँजी, सीप र प्रविधिको लाभ नेपालले लिएपनि पूँजी बचत नहुँदा सीप र प्रविधी काममा आउन सकेको छैन । विदेशबाट नेपाल फर्किएपछि कामदार पुरानै अवस्थामा बेरोजगार बन्ने गरेका छन् । त्यसैले वैदेशिक रोजगारमा गएका कामदारले पठाएको १० प्रतिशत रकमलाई बचत गर्न सकिएपनि एउटा कामदारले वर्षमा न्यूनतम १८-२० हजार रुपैयाँ बचत गर्न सक्छ । तीन वर्षमा यो बचत ५५-६० हजार हुन्छ । यसरी रेमिट्यान्स रकम १० प्रतिशत मात्र बचत गराएर राष्ट्रिय पूँजी निर्माण गर्न सकिए वर्षको ५०-६० अर्ब रकम बचत गराई पूँजी निर्माण गरेर राष्ट्रिय पूर्वाधार निर्माणका क्षेत्रहरु उर्जा, हवाई यातायात, रेलवे यातायात, केवलकार, शहरी यातायात, मल, सिमेन्ट कारखाना, ठूला इन्जिनियरिङ, मेडिकल कलेज, पोलिटेक्निकल कलेज, अस्पताल निर्माण गर्न सकिन्छ । ठूलठूला कृषि फर्म, फलफूल फर्म, पशुपालन फर्मको विकास गर्न सकिन्छ । पर्यटन प्रवर्द्धनका लागि ठूला होटल, रिसोर्ट निर्माण गर्न सकिन्छ । त्यसैले विकासका यस्ता राष्ट्रिय पूर्वाधार निर्माण गर्न सरकारले रेमिट्यान्स रकमको १० प्रतिशत रकम बचत कोष गठन गरिकट्टा गरेर शेयरमा परिणत गरि वार्षिक व्याज र लाभांश मूनाफा दिने गरि पूँजी निर्माण गर्ने स्किम ल्याउन ढिला भईरहेको छ । त्यस दिशामा सरकारको अबिलम्ब ध्यान जाओस् ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल कार्तिक १८ गते मंगलबार, तदनुसार नवेम्वर ४ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३५, प्लवङ्गनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चल्दै छ । चान्द्रमान अनुसार कार्तिकशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज कार्तिकशुक्लपक्षको द्वादशी तिथि ६ घटि १२ पला अर्थात बिहानमा ८ बजेर ४६ मिनेटसम्म त्यसउप्रान्त त्रयोदशी तिथि लाग्नेछ । आज सूर्य तुला राशिमा रहेको छ भने चन्द्रमा मिन राशिमा अहोरात्र रहनेछ । आज दिनमान २७ घटि २८ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १५ मिनेटमा जयदेव मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ५ बजेर १६ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : सरकारीपक्षबाट सहयोग, नयाँ साथीसँग सम्बन्ध गासिने, सामाजिक सक्रियता, सहयोगी हातहरु बढ्दै जानेछन ।

वृष : मान्यजनबाट सहानुभूति, व्यापारिक कार्य सफल, साहित्य क्षेत्रबाट सफलता मिल्नेछ दिन शुभ छ ।

मिथुन : भूमि सम्बन्धि विवाद, वहस पैरवि कार्यक्रम स्थगित, सुनचाँदी कारोबारमा मन्दी आउनेछ दिन राम्रो रहनेछैन ।

कर्कट : व्यापार व्यवसायबाट घाटा हुन सक्नेछ, स्वास्थ्यमा एक्कासी खराबी आउन सक्नेछ, मानसिक चिन्तन हुनेछ ।

सिंह : दाजुभाई बीच मनमुटाव हुने, दैनिक उपभोग्य सामग्रीको अभाव, शुरु गरेको विकास निर्माणको कार्य रोकिनेछ ।

कन्या : आर्थिक लेनदेनमा विवाद हुनेछ, धार्मिक कार्यमा दिन बित्नेछ, पठनपाठन क्षेत्र अस्तव्यस्थ हुने, दिन खराब छ ।

तुला : कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको ठूलो राशिको धन हात लाग्ने, सम्मानको अवसर, टाढाको यात्रा हुने छ ।

वृश्चिक : नयाँ व्यवसाय गर्नतिर मन जाने, पारिवारिक समस्या सुल्झिनेछ, लामो समयदेखि गरको कार्यमा सम्मान मिल्ने ।

धनु : शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुने ।

मकर : मित्रहरुको सहयोगले ठूलो काम सम्पन्न, वैदैशिक रोजगारको अवसर मिल्ने, स्त्रीपक्षबाट सुख प्राप्त हुने ।

कुम्भ : आफ्नो रोजाइको कार्यमा अरुको विरोध, नेतृत्व कार्य र व्यापारमा असफल हुने, टाढाको यात्रा विफल ।

मीन : रोजगारी बाटआत्म सन्तुष्टि मिल्नेछ, नयाँ मित्रसंग भेटघाटको अवसर मिल्न सक्नेछ, मानसम्मानको अवसर ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

लेउवासंघ र रुपन्देही उवासंघबीच छलफल

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ कार्तिक ।

राष्ट्रिय उत्पादनको पहिचान गराउने र प्रचार प्रसारको अवसर प्रदान गर्ने विभिन्न मेला तथा महोत्सव सम्वन्धी छलफल र भेटघाटको उद्देश्य लिएर रुपन्देही उद्योग संघका एक टोली लेखनाथमा आईपुगेको छ ।

लेखनाथ उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठीको सभापतित्वमा आयोजना गरिएको सो छलफल कार्यक्रममा यहि मंसिर १८ गतेदेखि २९ गतेसम्म आयोजना गरिएको ११औं लेखनाथ महोत्सव २०७१ सम्वन्धि जानकारी दिएका थिए भने रुपन्देही उद्योग संघका अध्यक्ष बोनिन पियाले भ्रमणको उद्देश्य दुई संघ बीच भेटघाट साथै पौष ७ देखि २१ गते सम्म संचालित १३औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि तथा पर्यटन महोत्सवको प्रवर्द्धन र प्रचार प्रसार रहेको बताएका थिए । लेखनाथ उद्योग वाणिज्य संघका महासचिव बलराम ढकालले पर्यटन नगरी लेखनाथ नगरपालिका र लेखनाथ उद्योग वाणिज्य संघको क्रियाकलाप र संघले संचालन गरेका मेला महोत्सव जानकरी दिएका थिए भने निवर्तमान अध्यक्ष सुमन भट्टराईले मेला महोत्सव संचालनमा आएका समस्या र समाधान सम्वन्धि आफ्ना भनाइ राखेका थिए । त्यसैगरि रुपन्देही उद्योग संघका निवर्तमान अध्यक्ष तेज कुमार पाठक, वरिष्ठ उपाध्यक्ष दिनेशराज रेग्मी, उपाध्यक्ष गणेश प्रसाद अधिकारीले संघले हाल सम्म गरेका गतिविधि र महोत्सव सम्वन्धि प्रस्त पारेका थिए ।

संघको एक आपसको कार्यशैली र अनुभवको आदान प्रदान, संस्थागत बिकास, सचिवालय व्यवस्थापन, मेला महोत्सव सम्वन्धि छलफल गरिएको कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका उपमहासचिव भरतकुमार अधिकारी र कार्य समिति सदस्य बिनोद श्रेष्ठको उपस्थिति रहेको थियो ।

हिन्दुराष्ट्रको माग गर्दै राप्रपा नेपालको भजनकीर्तन

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ कार्तिक ।

हिन्दुराष्ट्रको माग गर्दै राप्रपा नेपाल कास्की क्षेत्र नं. २ ने सोमबार भजन कीर्तन सहित हस्ताक्षर संकलन अभियान गरेको छ । पोखराको केआइसिंहपुल र रामघाटमा हरिबोधनी एकादशीको रौनकसंगै भजनकीर्तन सहित गरिएको कार्यक्रममा करिब ४५ हजार हस्ताक्षर संकलन भएको छ । कार्यक्रमका संयोजक तथा जिल्ला उपाध्यक्ष नेत्रबहादुर बस्नेतले नेपाललाई हिन्दु राज्य घोषणा नगरिए त्यसको विरुद्ध सारा नेपाली उत्रिने चेतावनी दिए । क्षेत्र नं. २ कि अध्यक्ष गीता गुरुङले हिन्दु राष्ट्रको पक्षमा देशव्यापी लहर चलेकाले यसलाई कसैले रोक्न नसक्ने बताइन् । ८१ प्रतिशत हिन्दु धर्मालम्बी भएको देशलाई धर्म निरपेक्षता घोषणा गर्नु नेपालीको अस्तित्व निमिट्यान्न पार्न खोजिएको उनको आरोप थियो । हस्ताक्षरमा देखिएको उल्लासमय सहभागिताले आफूहरुलाई थप प्रेरित बनाएको नेतृ गुरुङले बताइन् ।

कार्यक्रममा कोषाध्यक्ष सर्मिला गुरुङ, सचिव निर्मल खत्री, जिल्ला सहसचिव रञ्जना सेन पौडेल, युवा नेता धमेन्द्र थापा, परमेश्वर बस्ताकोटी, निर्मल केसीले बोलेका थिए । त्यसैगरि मोतीमान शाक्य, पूजा शाह, रामबहादुर तामाङले पनि आफ्नो भनाई राखेका थिए । यसैगरी रामघाटमा आयोजित कार्यक्रममा इश्वरी वैरागी, दुर्गा अधिकारी, घनश्याम गौतमले बोलेका थिए ।

कार्यक्रममा 'हाम्रो धर्म, हाम्रो राज्य प्राण भन्दा प्यारो छ', 'जातीयता चाहिँदैन, देश विखण्डन गर्न पाइँदैन', 'हिन्दु राज्य तत्काल घोषणा गर' जस्ता नारा घन्काइएका थिए । दोहोरी गीत कलाकार बुद्धिमान गुरुङ धम्पुले दिनभर गीत तथा भजन किर्तन गाएका थिए । हिन्दु धर्मालम्बीहरुले हिन्दु राज्यको पक्षमा भजन किर्तन गाउँदा रौनकता छाएको थियो । हरिबोधनी एकादशी मान्न आएका धर्मालम्बीले धर्म जोगाउन कुनै कसुर बाँकी नराख्ने बताएका थिए ।

नेपालमै पहिलो पटक यूबी र हरर एक्ट शो हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ कार्तिक ।

पोखरामा विगत केही वर्षदेखि नृत्य प्रशिक्षण केन्द्रका रुपमा स्थापित भएको एम.जे.डान्स ट्रेनिङ्ग सेन्टर पोखराले आफ्नो वार्षिक उत्सवको अवसर पारेर यहि कार्तिक २२ गते पोखरा सभागृहमा 'एम.जे.डान्स एण्ड म्यूजिकल शो' २०७१ को आयोजना गर्ने भएको छ । जसमा नेपालमै पहिलो पटक लाखौ खर्च गरेर यूबि र हरर एक्ट शो गरिने आयोजकले बताएका छन् । नृत्य प्रशिक्षण केन्द्रका रुपमा लामो समयदेखि स्थापित भैसकेको भएपनि यस्तो प्रकारको कार्यक्रम पहिलो पटक आयोजना गर्न लागिएको कार्यक्रमका संयोजक देवराज राईले बताएका छन् ।

यस्तो खाले कार्यक्रम नृत्य सिक्दै आएका विद्यार्थीहरुका लागि उपयुक्त मञ्च तथा अभिभावकलाई समेत आफ्ना छोराछोरीहरुको सिकाइलाई जाँच्ने अवसर बन्ने भएकाले आयोजना गर्न लागिएको उनको भनाइ छ ।

Offer! Offer! Offer!

Website Design @ 10,000/-, Android Apps @ 5000/-, Domain Registration @ 1500/-, Hosting Unlimited Space @ 1500/-, Online Internet Radio Streaming @ 5000/-, Computer Sales and Maintenance, Home Service Charge @ 200/-, NOD32/Kaspersky Antivirus @ 500/-, 4GB HP/SONY Pen Drive @ 400/-, 8GB HP/SONY Pen Drive @ 600/-
Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9746014694, 9804160688, 9846444087
Email : mycomputersath, **Skype :** mycomputersathi
Website : www.mycomputersathi.com

हामी सरेका छौं

न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७

पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा

Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions

अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ
Mono/Color (A4/A3)

इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा 20 वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित

गण्डकी कम्प्युटर्स
... the printer house

चाया, पोतो र डण्डिफोर Bye Bye

चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने साथमा मोटोपन घटाउने र बढाउने पनि ।
यहाँ Orginal Korean Cosmetic Product पाइन्छ ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा नै १-३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार ।
Skin Test गरिन्छ ।
ग्याष्ट्रिक उपचार
ढाड, कम्मर, हात खुट्टाका जोर्नीहरुको दुखाइ कम गर्ने
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
थाहै नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।

बिहानी ब्युटी ट्रेडर्स
चिप्लेढुङ्गा, पोखरा-४, फोन: ९८४६१५४१८८, ०६१-५२४९५४
(मल्ल इम्पोरियमको अगाडि द्वा कम्प्लेक्स भन्दा दुई घर तल)

बिक्री वा भाडामा

पोखराको रानीपौवास्थित तुलसी मार्गमा चलिरहेको स्कूल, कलेज र अन्य व्यावसायिक प्रयोजनका लागि सम्पूर्ण डेकोरेशन सहितको २ रोपनी ४ आनाको कम्पाउण्ड सहितको घर घर जग्गा ।
सम्पर्क : ०६१-५२३१६२
९८५६०२०३६२, ९८४६०७९२४२

सुनौलो एफएममा ज्योतिष जागरण

प्रत्येक मंगलबार बिहान ठीक ८:१५ बजेदेखि ९:०० बजेसम्म सुनौलो एफएम १०२.२ मेगाहर्जमा ज्योतिष जागरण कार्यक्रम सुन्न नभुल्नुहोला ।
सुझावका लागि :
वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी ।
मोवाइल : ९८५६०३०९१४

Visit Visa

Visit Visa मा विदेश जानु परेमा साथै Bank Balance र Audit Report का लागि सम्पर्क गर्नुहोला
सम्पर्क : ९८५६०३७५८१

तुरुन्त खानेपानी चाहिएमा

मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१ -४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

चक्रदेवी सहकारीद्वारा सहयोग

पोखरा १७ कार्तिक ।(गोल्डेन)

चक्रदेबी बचत तथा ऋण सहकारी सस्था लेखनाथ ८ शिशुवाको ४८औं स्थापना दिवसको पारेर लेखनाथ ६ सहेलापाखामा रहेको श्री कृष्ण प्रणामी बाल तथा बृद्धाश्रमलाई सहयोग प्रदान गरिएको छ । सस्थाको स्थापना दिबसको अवसरमा त्यहाँ रहेका बृद्धबृदाका लागि आवस्यक पर्ने भाडाकुँडा, खाद्य सामाग्री र फलफूल प्रदान गरिएको हो । संस्थाका पदाधिकारी तथा शेयर सदस्यहरुको उपस्थितिमा श्री कृष्ण प्रणामी बाल तथा बृद्धाश्रमका अध्यक्ष दुर्गाप्रसाद गौतमलाई उक्त सामाग्री चक्रदेबी बचत तथा ऋण सहकारी सस्थाका अध्यक्ष सोमलाल कंडेलले हस्तान्त्रण गरेका थिए । कार्यक्रममा चक्रदेबी बचत तथा ऋण सहकारी स्रस्थाका सचिव शिब बास्तोला र आश्रम संचालक समितिका कोषाध्यक्ष तिलकशाली अधिकारीले बृद्धबृद्धाको भावना बुझेर सेवा गर्नु नै वास्तविक रुपको सेवा भएको धारणा राखेका थिए ।

मानवअधिकार तालिम सम्पन्न

पोखरा १७ कार्तिक ।(गोल्डेन)

पोखरा जेसीजको आयोजना तथा राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रिय कार्यालय पोखराको सहजीकरणमा पोखरामा एक दिने मानव अधिकार रक्षक तालिम सम्पन्न भएको छ । कार्यकममा आस्था पाठ शालिकराम गिरी र स्वागत मन्तव्य संयोजक अर्पण पौडेलले गरेका थिए भने शुभकामना मन्तव्य पोखरा लेडी जेसिजका अध्यक्ष लक्ष्मी गुरुङ्गद्वारा राखिएको थियो । जेसीजका अध्यक्ष तिलकराम पौडेलको सभापतित्वमा सम्पन्न तालिमको प्रमुख प्रशिक्षक आयोगका क्षेत्रीय प्रमुख डा. तिलकराम पौडेल, प्रशिक्षकद्धय मानव अधिकार अधिकृत ज्योती घिमिरे र पूर्व अध्यक्ष सुवास सिग्देल रहेका थिए । प्रशिक्षार्थीको तर्फबाट दीपेन्द्र पहारी र गीता शिवाकोटीले तालिमको अनुभवको बारेमा बोलेका थिए । पूर्व अध्यक्ष द्धय विष्णुबहादुर थापा र रविन्द्र गुरुङ्गको समुपस्थितिमा सम्पन्न तालिममा पुर्व अध्यक्ष पशुपति शर्माले आफ्नो भनाइ राखेका थिए । संयोजक यज्ञपुरुष रिजालले धन्यवादज्ञापन गरेको कार्यक्रमको सञ्चालन महासचिव धर्मराज अर्याल र सचिव गणेश गिरीले गरेका थिए ।

अधिवेशनको तयारीमा अटोमोवाइल्स

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ कार्तिक ।

पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एशोसिएसन पोखराको नवौं वार्षिक साधरणसभा तथा पाचौं अधिवेशनमा पोखराका पत्रकार सुरेन्द्र पौडेललाई सम्मान गरिने भएको छ । अधिवेशन आगामी शनिबार पोखरामा हुने भएको छ । पत्रकारिताको माध्यमबाट एशोसिएसनको गतिविधि प्रचार-प्रसारमा सहयोग गरेको भन्दै पौडेललाई सम्मान गर्न लागिएको महासचिव मोहनबाबु खड्काले जानकारी दिए । पत्रकार पौडेल पोखराबाट प्रकाशित समाधान र राजधानीबाट प्रकाशित हुने आर्थिक अभियान दैनिकमा कार्यरत छन । पौडेल एबीसी टेलिभिजनमा पनि कार्यरत छन् । एशोसिएसनले अधिवेशनबाट नयाँ नेतृत्व चयन गर्ने खड्काले जानकारी दिए ।

नेपाल अटोमोबाइल डिलर्स एशोसिएशनका अध्यक्ष शेखर गोल्छाको प्रमुख आतिथ्यतामा कार्यक्रम हुने उनले बताए । अधिवेशनको तयारी अन्तिम चरणमा पुगेको खड्काले बताए ।

'पुख्यौंली ठाउँ, पुख्यौंली नाउँ, सुनचाँदी हीराको गरगहनाको लागि मोहरिया टोल नै जाऔं ।'

विदेश जानेहरूका लागि सुवर्ण अवसर

दुबई र कतारको Group-4 Security कम्पनीहरूमा जान चाहनेहरूलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्यूरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरू निःशुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :-
शतप्रतिशत उत्तीर्ण गराउन सफल
आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
अन्तरवार्ता भइरहेको छ ।
सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स
सटर नं. ३०, फोन:- ०६१-५५०२५२, मो. ९८४६०-४१४९२

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
हामीकहाँ पियोर एलोभेरा जुस पाइन्छ ।
महिला सम्वन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वोदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

पोखरा र मकाउका रोटरीयनको संयुक्त संस्कृतिक कार्यक्रम

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ कार्तिक ।

रोट्र्याक्ट क्लब अफ पोखरा फिस्टेलले रोट्र्याक्ट क्लब अफ मकाउसँग संयुक्त रुपमा च्यारिटी भिजिट र सांस्कृति कार्यक्रमको आयोजना गर्‍यो । शनिवार पोखरा आइपुगेका मकाउका १२ जना रोट्र्याक्टरहरुका सहयोगमा फिस्टेलले पोखरा–५, पर्स्याङको एकता सेकेण्डरी स्कूलका २५ जना गरिब तथा जेहन्दार छात्रछात्राहरु लाई खेलौना, कपडा, स्टेशनरी सामान र लुगाहरु वितरण गरेको थियो । त्यस कार्यक्रम लगत्तै बेलुका ५ बजेदेखि सांस्कृतिक कार्यक्रम सुरु गरिएको थियो ।

कार्यक्रमको सभापतित्व रोट्र्याक्ट फिस्टेल २०१४/१५ का अध्यक्ष चाँदनी गुरुङ्गले गरेकी थिइन । कार्यक्रममा प्रमुख अतिथि दिनेश शकर पालिखे थिए । कार्यक्रममा रोटरी पोखरा फिस्टेलका अध्यक्ष रमाकान्त बराल, रोट्र्याक्ट डिष्ट्रिक्टका केन्द्रीय सह-सचिव तथा पोखरा फिस्टेलका पूर्व अध्यक्ष सृजना भुर्तेल र अन्य रोटरीयन, रोट्र्याक्टरहरुको उपस्थित रहेको थियो । कार्यक्रममा रोट्र्याक्ट क्लब अफ पोखरा फिस्टेलका पदाधिकारीहरु, सदस्यहरुबाट नृत्य तथा गीतहरु प्रस्तुत गरेका थिए भने मकाउका रोट्र्याक्टरहरुद्वारा पनि गीत र नृत्यहरु प्रस्तुत गरेका थिए ।

करिब ४ घण्टाको कार्यक्रममा रोट्र्याक्ट मकाउका रोट्र्याक्टरहरु लाई नेपाली ढाका टोपी र ढाकाको सलद्वारा सम्मान गरिएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि दिनेशशंकर पालिखे, रमाकान्त बरालले अन्तर्राष्ट्रिय सम्बन्ध राख्ने यस्ता कार्यक्रमले रोट्र्याक्टका गतिविधिहरुमा सुनमा सुगन्ध थप्ने बताएका थिए । रोट्र्याक्ट मकाउका अध्यक्ष स्यालीले सांस्कृतिक कार्यक्रमले आफूलाई नेपाललाई र नेपालको सांस्कृतिलाई नजिकबाट चिन्न पाएको र आउँदा दिनमा नेपाल भ्रमणको निम्ति आफ्नो देशमा गई यहाँको पर्याटकीय सम्भावनाको विकास गने प्रण गरिन् । कार्यक्रममा मकाउका रोट्र्याक्टरहरुलाई क्लब ब्याज र क्लब टि-सर्ट समेत प्रदान गरिएको थियो ।

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोजी–खोजी पढ्ने गरौं ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अब अनलाइनमा पढ्न र अनलाइनमा सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on : www.goldennews.com.np

हार्दिक समवेदना

जन्मः
२०५३/०२/०९ गते

स्वर्गारोहणः
२०७१/०७/०६ गते

स्व. सुस्मिता कार्की

हाम्रा आत्मीय, नेपाली कांग्रेस पोखरा उपमहानगरपालिका वडा नं. १८ निवासी, नेपाल तरुणदल कास्कीका सदस्य एवं नेपाल तरुण दलका पूर्व केन्द्रीय आर्थिक विभागका सदस्य श्री बिमलबहादुर कार्की तथा श्रीमती देवी कार्कीकी प्यारी ज्येष्ठ सुपुत्री **सुस्मिता कार्की**को १८ वर्षको कलिलो उमेरमै दुःखद् निधन भएकोमा गहिरो दुःख व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

टीकाराम बाँस्तोला	माधव प्र. बाँस्तोला "मधु"
सभापति एवं	क्षेत्रीय सभापति एवं
नेपाली कांग्रेस वडा कार्यसमिति पोखरा-११ परिवार	नेपाली कांग्रेस कास्की क्षेत्र नं. २ परिवार

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१–४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलरः एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

फ्ल्याट भाडामा
पोखराको मुटु जिरो किमीमा रहेको घरको फ्ल्याटहरु व्यापारिक व्यावसायिक तथा व्यवसायिक प्रयोजनका भाडामा रहेको हुँदा । आवश्यक महानुभावले तुरुन्त सम्पर्क राख्नुहोला ।
सम्पर्क नं. ९८५६०२९११३
नोट : तिहार अगाडि आउनेलाई विशेष प्राथमिकता

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA
➩यौन पुरुष : लिङ्गको साइज बढाउन, यौन क्षमता बढाउन, नामर्दी, ढिलापन, टेढापन, हटाउन, पुन सुहाग रात फर्काउन, Herbal Livetra, Hormotex, Maxman.
महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन
चिरा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन
➩केश झर्न तुरून्तै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
➩मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
➩उचाइ बढाउन Step up (नबढे पैसा फिर्ता)
➩तौल बढाउने आयूर्वेदिक अचुक औषधि मात्र १५००/-
(महिनामा ७-१० Kg बढाउने)
➩थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन
➩तौल घटाउने जापनिज deit मात्र २५००।-
➩ढाड तथा जोर्नी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेननिल
✱ तौल घटाउन Slim 24 pro
पोखरा हर्वल होम्स्
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

"ग्याँस गिजर" सेट
इण्डियन कम्पनीका ग्याँस गिजर पाए अरु किन राख्ने ?
नोट : यूरोगार्ड तथा Kent Company का R.O. Water Purifier किचन चिम्नी होलसेल मूल्यमा उपलब्ध हुनुका साथै मर्मत पनि गरिन्छ ।
सम्पर्क
न्यू पायोनियर इन्टरनेशनल
रानीपौवा, पोखरा, फोन : ०६१-५२७९१८, ९८५६०२५३७०

STUDY in JAPAN 'n' USA
हाम्रा विशेषताहरुः
▸▸ कमाउदै अध्ययन गर्न सकिने ।
▸▸ High भिसा Success Rate.
▸▸ आफुले काम खोज्ने झन्झट व्यहोर्नु नपर्ने ।
▸▸ जापानका ख्याती प्राप्त कलेजमा अध्ययन गर्न सकिने ।
▸▸ कम्तीमा १० वर्ष जापान रहनु भएका प्रशिक्षकद्धारा प्रशिक्षण गराईने ।
▸▸ Apply गर्नेलाई Language Free ।
▸▸ "No Visa No Charge"
▸▸ एस.एल.सी बाट पनि जापानका लागी Apply गर्न सकिने ।
▸▸ NAT/JLPT नभए पनि हुने ।
मात्र रु. ५ लाखमा जापान
+2 मा ६०% ल्याउनेले विना
TOFEL or IELTS अमेरीका
Apply गर्न सकिने
अमेरीका र न्युजल्यान्ड मात्र रु. ९०००००/-
सम्पर्कः ब्रेस एजुकेशन
९८५६०३७९०६
५२८८२५
उमेर तथा Education gap NO PROBLEM

जातस्य हि ध्रुवो मृत्यु ध्रुवं जन्म मृतस्य च । तस्माद परिहार्येथे न त्वं शोचितुमर्हसि ।।

श्रद्धा सुमन

hGdM
lj=;=M@)%#÷)@÷)(



:juf{/f]x0f
lj=;=M@)&!÷)&÷)^
ut]nldlk'hf

स्व. सुस्मिता कार्की

हाम्री प्रातः स्मरणीया नातिनी/छोरी/बहिनी/दिदी/भाञ्जी/सुश्री **सुस्मिता कार्की** मिति २०७१ कार्तिक ६ गते बृहस्पतिबार लक्ष्मीपूजाको दिन १८ वर्षको कलिलो उमेरमा असामयिक, अकल्पनीयरुपमा यो मानवरुपी भौतिक देह त्याग गरि स्वार्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा आत्माको अक्षयशान्ति तथा परमात्मा प्राप्तिका लागि श्री आराध्यदेव भगवान पशुपतिनाथसंग सतत् प्रार्थना गर्दछौं । यस शोकको घडिमा असिम, श्रद्धापूर्वक हामीप्रति सहयोग, सद्भाव र समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र, कुलकुटुम्व, साथीभाइ, छरछिमेक, विभिन्न राजनीतिक दलका शुभेच्छुक मित्रहरु, सामाजिक, धार्मिक, संघसंस्थाका साथीहरु सबैप्रति **हार्दिक कृतज्ञता** व्यक्त गर्दछौं ।

हजुरबुबा : खड्कबहादुर कार्की
बाबु/आमा : बिमलबहादुर/देवी कार्की
ठूलो बुबा/आमा : निर्मल/भगवती कार्की
गोविन्द/सावित्री कार्की
काका/काकी : कृष्ण/चन्द्रा कार्की
ठूली हजुरआमा : चन्द्रावती कार्की
काका हजुरबुबा/आमा
शिवबहादुर कार्की/बालकुमारी कार्की
काका/काकी : होमबहादुर/सरिता कार्की
विष्णुबहादुर/सुनिता कार्की
भेषबहादुर/पूजन कार्की

फूपू दिदी/भिनाजुहरू :
तुलसी/क्षेत्रबहादुर के.सी.
शान्ति/रामबहादुर के.सी.
अम्विका/रामबहादुर थापा
कमला/मनबहादुर पराजुली थापा
दिदी/बहिनीहरू
प्रीति, पूजा, सुमिता, प्रनिता, कृष्मा, स्मृति, ईशा, वृक्षा, रोजलिन कार्की, सृष्टि के.सी.
दाजु/भाइहरू :
पूजन, विजय, विनय, विराज, प्रणित, लविस कार्की, सम्राट के.सी.

मावलीतर्फ
जिज्यू हजुरआमा : गंगामाया थापा
हजुरबुबा/आमा : रुद्रबहादुर/चन्द्रकुमारी थापा
काका हजुरबुबा/आमा : गुप्तबहादुर/मीना थापा
मामा/माइजू : चुनबहादुर/अमृता थापा
रुपेश/कृष्णा थापा
दीपेश/अमृत थापा
सानीआमा/साना बुबा : सिर्जना/इन्द्रजंग जि.सी.
रोशनी/कमल थापा
सानीआमाहरू : सुजता, पुष्पा, सुस्मिता, अस्मिता थापा
बहिनीहरू : सिम्रन थापा, अस्था जि.सी., कसिस थापा, काव्या थापा
भाइहरू : सुशान्त थापा, आयुषजंग जि.सी.

नोट : आज १३औं दिनको पुण्य तिथिमा हुने शुद्धाशुद्धि कार्यक्रममा सागर जानुहुने तथा समवेदना दिन पाल्नुभएका इष्टमित्र, कुलकुटुम्व, छरछिमेक, एवं शुभचिन्तक महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

तथा **सम्पूर्ण कार्की परिवारजन**, पोखरा उपमहानगरपालिका वडा नं. १८, राधाकृष्णटोल

बाँसुरी तथा धिमे बाजासम्बन्धी प्रशिक्षण पोखरामा

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ कार्तिक ।

रामबजार तायाःमचाः नाच समिति रामबजार १०, १५ को आयोजना तथा नेवा दे दवूः काठमाडौंको सहयोगमा संचालित ३ महिने बाँसुरी तथा धिमे बाजा तालिम सम्पन्न भयो । बाँसुरी तथा धिमे बाजा प्रशिक्षणमा समापनको नेवा दे दवूः काठमाण्डौका अध्यक्ष नरेश ताम्राकारले उद्‌घाटन गर्दै रामबजार तायाःमचाः नाच समितिलि आफ्ना कलाकारलाई बाँसुरी तथा धिमे बाजा प्रशिक्षण दिई शंखधर शाख्वालाई नेपाल सरकारले मान्यता दिई राष्ट्रिय विभुति घोषणा गरेको पुण्य दिनमा समापन कार्यक्रम राखिएकोमा धन्यवाद व्यक्त गर्दै नेवाः समुदायको भाषा, संस्कृति संरुक्षण गर्न लागि परेको र रामबजारमा नेवाः मात्र नभई अन्य जातजातिलाई पनि सहभागी गराएकोमा प्रसंसा गर्दै नेपालीले बजाउने जुनसुकै बाजा पनि सबैले सिक्न र बजाउन हुने बताउँदै आवश्यक परेमा जुनसुकै समयमा पनि नेवा दे दवूः सहयोग गर्न तयार रहेको बताए । बाँसुरी र धिमे बाजा प्रशिक्षणमा सहभागी २० जनालाई प्रमाणपत्र वितरण गरिएको कार्यक्रममा बाँसुरी तर्फ प्रथम हुने विपिन गोशली, द्वितीय सुरज तभ्रु्या, तृतीय शिशिर भट्टचन र धिमे तर्फ प्रथम हुने सरगम तामाङ, द्वितीय शिल्पा ताम्राकार र तृतीय हुने अनुष्का रन्जितलाई पुरस्कार वितरण गरिएको थियो ।

उक्त अवसरमा बाँसुरी तथा धिमे बाजा प्रशिक्षक नेवा दे दवूः काठमाण्डौका सदस्य सूर्य नारायण महर्जनलाई विन्ध्यवासिनीको मन्दिरको चिनो, सम्मानपत्रले सम्मान गरिएको थियो । कार्यक्रममा किरण आर्ट ग्यालरीका प्रो किरण रन्जीत र समिता रन्जीतले माछापुच्छ्रेको तस्वीर मायाको चिनो प्रदान गरेका थिए । कार्यक्रममा सहयोगी संस्थाको रुपमा नेवाःदे दवूः काठमाण्डौ, विश्वकर्मा मन्दिर रामजबार, तनहुँ नेवाः खल तनहुँ, कालिका मन्दिर संचालक समितिलाई सम्मान गरिएको थियो । कार्यक्रममा नेवाः खल कास्कीका अध्यक्ष अशोक पालिखे, जनजाति महासंघ तनहुँका सल्लाहकार शंकर नारायण श्रेष्ठ, ब्यास नगरपालिकाका पूर्व मेयर ताराप्रसाद श्रेष्ठ, नेवाः ल्यामः दवूका केन्द्रीय अध्यक्ष सत्यनारायण डंगोल, नेवाःमिसाः पुच कास्कीका महासचिव संगीता बज्राचार्य, नेवा गुठी काठमाडौंका अध्यक्ष गणेशमान श्रेष्ठ, लक्ष्मी महर्जन, प्रशिक्षक सूर्यनारायण महर्जन, नेवाः खल कास्कीका सदस्य विष्णु शंकर ख्वाउजु, टोल वकास संस्था महिला वडा समन्वय समितिका अध्यक्ष पवित्रा गुरुङ्ग, ममिता गौतम स्मृति प्रतिष्ठानका संरक्षक चन्द्रकिशोर गौतम, पत्रकार उदयमान अमात्य लगायतले आफ्नो विचार राखेका थिए । कार्यक्रममा पोखराका सबै नेवाः खलः मिसा पुच र रामबजारका संघसंस्थाको सहभागिता रहेको कार्यक्रममा समिति उपाध्यक्ष गणेश कुमार प्रधानले स्वागत गरेका थिए । कार्यक्रममा रामबजार तायाःमचाः नाच समिति रामबजार १०, १५ का अध्यक्ष सम्मर बहादुर श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रमको संचालन सचिव नारायण श्रेष्ठ र कलाकार शिल्पा ताम्राकारले संयुक्त रुपमा गरेका थिए ।

प्रेस युनियनले ट्रेड युनियनको नेतृत्व लिने

काठमाडौं १७ कार्तिक ।(रासस)

नेपाल प्रेस युनियनले श्रमजीवी सञ्चारकर्मीको अधिकारका लागि साझा ट्रेड युनियको नेतृत्वका लागि पहल गर्ने भएको छ । युनियनको हालै पोखरामा सम्पन्न आठौँ राष्ट्रिय महाधिवेशनपछि नवलपरासीको अमलटारीमा बसेको पहिलो बैठकमा श्रमजीवी पत्रकारका हकहितको सुनिश्चित गर्न ट्रेड युनियन आन्दोलनका पक्षमा आफ्नो पूर्ववत् अडानलाई अझ सशक्त बनाउने निर्णय गरेको हो ।

श्रमजीवी पत्रकारको ट्रेड युनियन अधिकारको पक्षमा वकालत गर्दै नेपाल पत्रकार महासङ्घलाई ट्रेड युनियन संस्था तथा अभियानका रुपमा लैजानुपर्ने र त्यसका लागि महासङ्घ तयार नभए सञ्चारसँग सम्बन्धित अन्य वैचारिक संस्थासँग समेत छलफल चलाउनका लागि नेतृत्वदायी भूमिका लिने निर्णय भएको छ । युनियनको बैठकमा लोकतान्त्रिक संविधान आगामी माघ ८ भित्रै निर्माण गरी जारी गर्ने पक्षमा दलहरुलाई खबरदारी गर्दै त्यसका लागि राष्ट्रियस्तरमा दबाबमूलक कार्यक्रम गर्ने निर्णय गरिएको अध्यक्ष बद्री सिग्देलले जानकारी दिए । बैठकले संविधान सभा मार्फत लोकतान्त्रिक संविधान जारी गर्ने दलको प्रतिबद्धताअनुरुप निर्धारित समयमा संविधान जारी गर्न सकारात्मक खबरदारीका देशव्यापी रुपमा दबाब कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ ।

युनियनले श्रमजीवी पत्रकार ऐन तथा त्यसका आधारमा बनेको नियमावलीको कार्यान्वयनका साथै पत्रकारको दुर्घटना बिमा तथा औषधोपचार बिमाका लागि रोजगार दाता सञ्चारगृहलाई समेत उत्तर दायी बनाउनुपर्ने निर्णय गरेको युनियनका महासचिव अजयबाबु शिवाकोटीले बताए । कम्तीमा रु पाँच लाख बराबरको दुर्घटना बिमा तथा रु एक लाख बराबरको औषधोपचार बिमाको व्यवस्था गर ी त्यसको तिर्नुपर्ने बिमा प्रिमियममा रोजगारदाता सञ्चारगृहले ६० प्रतिशत र श्रमजीवी पत्रकारले ४० प्रतिशत तिर्नुपर्ने व्यवस्था तत्काल लागू गर्ने निर्देशन जारी गर्न सर कारसँग बैठकले माग गरेको छ ।

बैठकले संसद्‌ले सार्वजनिक छलफलमा लागेको अदालतको अपहेलनासम्बन्धी विधेयकमा रहेका केही प्रावधान अभिव्यक्ति स्वतन्त्रता तथा जनताको सूचनाको हक नियन्त्रण हुने खालको भएको जनाउँदै थप छलफल तथा बहस चलाउने निर्णय गरेको छ । रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा अनलाइन सञ्चारमाध्यमको सुदृढीकरण गर्न सरकारका स्थानीय विज्ञापन स्थानीय सञ्चारमाध्यममा समानुपातिक रुपमा वितरणका लागि युनियनले माग गरेको महासचिव शिवाकोटीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । युनियनले अपाङ्गतामैत्री सञ्चार गृहका लागि आग्रह गर्ने र अन्तर्राष्ट्रिय पत्रकार महासङ्घका महासचिव वेथ कोस्टाले जारी गरेको अपिलअनुसार पत्रकार लक्षित आक्रमणमा देखिएको दण्डहीनताविरुद्धको अभियान सञ्चालन गर्ने निर्णय पनि गरेको छ । अमलटारी बैठकले युनियनका जिल्ला तथा प्रतिष्ठानको साधारणसभा आगामी फागुनदेखि खोल्ने र क्षेत्रीय तथा अञ्चल समिति मङ्सिरभित्र गठन गरी क्षेत्रीयस्तर तथा अञ्चलस्तरका भेला मङ्सिरबाट माघसम्म गरि सक्नुपर्ने निर्णय गरेको छ । साथै युनियनका सबै जिल्ला तथा प्रतिष्ठानको साधारणसभा सकिएको तीन महिनाभित्र जिल्ला तथा प्रतिष्ठानका अध्यक्ष तथा सचिवको भेला गर्ने निर्णय भएको छ ।

सिटी डेभलपमेन्ट बैंकमा २२ प्रतिशत बोनस

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ कार्तिक ।

पोखरा ४ चिप्लेढुङ्गामा प्रधान कार्यालय रहेको सिटी डेभलपमेण्ट बैंकले आर्थिक वर्ष २०७०/०७१ को मुनाफाबाट आफ्ना शेयरधनीहरुलाई २२ प्रतिशत बोनस शेयर वितरण गर्ने र सो को कर प्रयोजनार्थ १.१५७९ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव बैंकको १०२औं सञ्चालक समितिको बैठकले पारित गरेको छ । उक्त प्रस्तावित बोनस नेपाल राष्ट्र बैंकबाट स्वीकृतिपछि बैंकको आगामी आठौं वार्षिक साधारणसभाबाट पारित भए पश्चात वितरण गरिने छ । वोनस शेयर र बैंकले निष्काशन गरेको १० बराबर ३ को अनुपातमा हकप्रद शेयर वितरण पश्चात बैंकको चुक्ता पुँजी रु ४६ करोड ८१ लाख ६० हजार पुग्ने भएको छ । बैंकका साबिक सेयरधनीहरुले आगामी मिति २०७१ साल मंसिर ९ गतेसम्म हकप्रद शेयर आवेदन दिन सक्ने छन । शेयर आवेदन बैंकका सम्पूर्ण शाखा कार्यालय लगायत निष्काशन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लि. मार्फत दिन सकिने बैंकले जनाएको छ ।

स्थापना कालदेखि नै आफ्ना ग्राहक प्रतिको सेवामा समर्पित हुदै बिभिन्न बैंकिरु कार्यहरु गर्दै आइरहेको बैंकले प्रधान कार्यलय चिप्लेढुङ्गा, ट्याक्सीचोक बगर, अमरसिंहचोक पोखरा, मिलनचोक हेमजा, भिमाद बजार तनहुँ, भोटेओडार लमजुङ, दमौली तनहुँ, नागडाँडा कास्की, तुरतुरे तनहुँको साथै नेपालको दुर्गम जिल्ला मानिने मनाङको चामेबजार, लेखनाथको शिशुवा, चितवनको नारायणगढ र बाग्लुङको महेन्द्रपथ गरी जम्मा १३ शाखा मार्फत बैंकिङ सेवा सञ्चालन गर्दै आइरहनुका साथै कास्कीको लामाचौर, बाग्लुङको कुश्मीसेरा, चितवनको मालपोत चोक र तनहुँको बन्दीपुरमा समेत शीघ्र शाखा सञ्चालन गर्न नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त गरिसकेको जनाएको छ ।

सिटी रेवान महोत्सव तथा फुड फेष्टिबल जारी

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ कार्तिक ।

पोखरा नगर रेष्टुरेण्ट तथा बार एशोसियशन (सिटी रेवान)ले आयोजना गरेको तेस्रो सिटी रेवान महोत्सव तथा फुड फेष्टिबल चौथो दिन पनि जारी रहेको छ । महोत्सवको चोथौ दिनसम्म दर्शकको उल्लेखनीय सहभागिता रहेको छ । नयाँ स्थानमा पहिलो पटक महोत्सव आयोजना गरेकाले के कस्तो होला भन्ने लागेको थियो महोत्सव आयोजक समितिका संयोजक एवं अध्यक्ष के.पी शर्मा पाध्याले भने-तर महोत्सवमा देखिएको दर्शक सहभागितासँगै उत्साहित बनिरहेका छौं । पर्यटन प्रवर्द्धन, सामाजिक सेवा, उपभोक्ताको हित र लोक संस्कृतिको विकास गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो । पोखराको रङ्गशाला आयोजित महोत्सवमा दिउँसो लोक दोहोरी, हाँस्य प्रहसन र साँझ लाइभ पप कन्सर्ट आकर्षण बन्ने गरेको छ । शुक्रबारदेखि शुरु भएको महोत्सव कात्तिक २२ गतेसम्म चल्ने छ। महोत्सवमा दर्शकलाई नयाँ स्वाद दिनका लागिभन्दै यसपटक विवाहित पुरुषवीच नृत्य प्रतियोगिता, लोकल कुखुराको झोलसँग ढिडो खाने प्रतियोगिता, लमजुङको ठाडो भाका, हास्य प्रहसन जस्ता कार्यक्रम पनि थप गरिएको महासचिव एवं प्रवक्ता दिपक तिमिल्सिनाले जानकारी दिए। महोत्सव दुई लाख दर्शकले अवलोकन गर्ने अपेक्षा आयोजकको छ । महोत्सवको आकर्षणमा खानाका परिकारहरुवीच प्रतियोगिता, राष्ट्रिय स्तरको खुल्ला लोकदोहोरी प्रतियोगिता, गृहणी महिला नृत्य प्रतियोगिता, उपभोग्य बस्तुको प्रदर्शनी, स्थानीय उत्पादनको प्रदर्शनी, बाल उद्यान र ख्यातिप्राप्त कलाकारहरुको प्रस्तुती रहने छ ।

‘मुलुकी ऐन’ परिमार्जनका लागि पाँच विधेयक प्रस्तुत

काठमाडौं १७ कार्तिक ।(रासस)

नेपालको कानुनी इतिहासमा सबैभन्दा पुरानो कानुन मानिने ‘मुलुकी ऐन’ को लामो समयपछि परिमार्जन र संशोधनको कार्य सुरु भएको छ । सो ऐनलाई सरकारले पाँचवटा प्रस्तावित विधेयक बनाई संशोधन एवम् परिमार्जन प्रक्रिया अगाडि बढाएको हो । मुलुकी ऐन, नामकरण भएको सो कानुनलाई परिमार्जन गर्न सरकारले देवानी संहिता, देवानी कार्यविधि संहिता, अपराध संहिता, फौजदारी कार्यविधि संहिता र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) विधेयक तयार पारेको हो । तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले मुलुकी ऐनलाई विसं १९१० मा सर्वसाधारण जनताका लागि जारी गरेका थिए । विसं २०२० मा पहिलोपटक यसको संशोधन गरियो । यसपछि सरकारले परिमार्जन गर्न लागेको हो । मुलुकी ऐनको परिमार्जन र संशोधनका लागि प्रस्तावित विधेयकलाई व्यवस्थापिका संसद्‌को बैठकमा कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्री नरहरि आचार्यले प्रस्तुत गरेका थिए । उनले देवानी संहिता २०७१, देवानी कार्यविधि संहिता २०७१, अपराध संहिता २०७१, फौजदारी कार्यविधि संहिता २०७१ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) विधेयक २०७१ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । सो प्रस्तावलाई बैठकले सर्वसम्मतिले स्वीकृत गरेको थियो । प्रस्तावित पाँचवटै विधेयक करिब एक हजार पृष्ठमा फैलिएको छ ।

सत्तापक्ष....

प्रदेशको मुख्यमन्त्री सम्मिलित संयन्त्र गठन गरिनेछ । कानुनी र संवैधानिक विवादको निरुपण सर्वोच्च अदालतको संवैधानिक इजलासले गर्नेछ । यस्तै, संसद्‌बाट निर्वाचित प्रधानमन्त्री कार्यकारी प्रमुख र सङ्घीय संसद् एवम् प्रादेशिक विधायिका सहितको निर्वाचन मण्डलबाट निर्वाचित संवैधानिक राष्ट्रपति रहनेछन् । उपराष्ट्रपति पदको निर्वाचनसमेत यसै निर्वाचन मण्डलबाट हुनेछ । प्रधानमन्त्रीका विरुद्ध निर्वाचित भएको दुई वर्षसम्म अविश्वासको प्रस्ताव राखन पाइनेछैन । प्रधानमन्त्रीले बहुमत गुमाएको प्रश्न उठेमा ३० दिनभित्र प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्नुपर्नेछ । अविश्वासको प्रस्ताव प्रस्तुत गर्दाको अवस्थामा बहुमत सदस्यको हस्ताक्षरसहित वैकल्पिक प्रधानमन्त्रीको उम्मेद्‌वार अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्नेछ । मन्त्रिपरिषद्‌को सङ्ख्या सङ्घीय संसद्‌को सदस्य सङ्ख्याको १० प्रतिशतभन्दा बढी हुने छैन । प्रतिनिधिसभाको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणालीको आधारमा गरिनेछ भने सदस्य सङ्ख्या १६५ रहनेछ भने राष्ट्रिय सभाको सङ्ख्या ७५ रहनेछ । प्रत्येक प्रदेशबाट पूर्ण समानुपातिक सिद्धान्तको आधारमा १०/१० जना सदस्य निर्वाचित हुनेछन् र मन्त्रिपरिषद्‌को सिफारिसमा राष्ट्रपतिले पाँच जना मनोनित गर्ने व्यवस्था गरिनेछ । प्रदेश सभाको सदस्य सङ्ख्या सङ्घीय प्रतिनिधि सभाका एकजना सदस्य बराबर दुई जना सदस्य रहने गरी २० देखि ५० सदस्यसम्म हुनेछ । सत्तारुढ दलले पेस गरेको प्रस्तावमा सङ्घीय अदालत, प्रदेश अदालत र स्थानीय अदालत रहने व्यवस्था गरिनेछ । सर्वोच्च अदालतमा प्रधान न्यायाधीश समेत १५ जना रहनेछ भने उक्त अदालतमा नै प्रधानन्यायाधीशको अध्यक्षतामा चार जना वरिष्ठतम् न्यायाधीश रहने गरी संवैधानिक इजलास गठन गरिनेछ । प्रस्ताव नेकपा(एमाले)का अध्यक्ष केपी शर्मा ओलीले समितिमा पेस गरेका थिए। प्रस्तावमा प्रधानमन्त्री एवम् नपाली काँग्रेसका सभापति सुशील कोइराला, नेकपा(एमाले)का अध्यक्ष ओली, राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता सूर्यबहादुर थापा, बहुजन शक्ति पार्टीका अध्यक्ष विसेन्द्र पासवान र दुई स्वतन्त्र सभासद् अतहर कमाल मुसलवान र चन्द्रेश्वर झाले हस्ताक्षर गरेका छन् ।

कर्मचारी आवश्यकता

पोखराबाट प्रकाशित ‘क’ वर्गको गोल्डेन न्यूज राष्ट्रिय दैनिक र सुनौलो एफ.एम. १०२.२ मेघाहर्जका लागि निम्न पदमा कर्मचारी आवश्यक परेकोले ईच्छुक, योग्य र अनुभवी उम्मेदवारले यहि मिति २०७१/०७/२० गतेसम्ममा व्यक्तिगत विवरणसहित हस्तलिखित निवेदनका साथ कार्यालयमा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

क्र.सं.	पद	आवश्यक संख्या
१.	समाचार प्रमुख	१ जना
२.	समाचारदाता/समाचार वाचक	केही
३.	सहायक व्यवस्थापक	१ जना
४.	रिसेप्सनिष्ट	१ जना (महिला)

पारिश्रमिक : श्रमजीवि पत्रकार ऐनअनुसार हुनेछ ।
नोट : रिसेप्सनिष्ट पदका लागि कम्प्युटरमा पत्रिका सम्बन्धी काम गर्न सक्ने हुनुपर्नेछ । सबै पदका लागि न्यूनतम प्रमाणपत्र तह उत्तीर्ण गरेको र सम्बन्धित क्षेत्रमा अनुभव हासिल गरेको हुनुपर्नेछ ।

सम्पर्क
गोल्डेन न्यूज राष्ट्रिय दैनिक/सुनौलो एफ.एम. १०२.२ मेघाहर्ज
चिप्लेढुङ्गा, पोखरा

STUDY AND WORK IN JAPAN
अब तपाईंको जापान जाने चाहना हामी पुरा गर्छौं ।
- No Visa No Money
- Part time job Gurantee
- Bachelor /Master No need of NAT/JLPT
- NAT, JLPT नभएपनि Apply गर्न पाइने ।
- Group मा आउनेलाई विशेष छुटको ब्यवस्था ।
- Free language and Documentation

MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool.Pokhara,Medicalline,Tel:061-520113, 9846646980, 9856046980

आनन्दको विज्ञान पुस्तक बजारमा आइपुग्यो
प्रकाशित भएको एक महिनामै ‘वेष्ट सेलिङ’मा पर्न सफल पुस्तक ‘सुपरभिजन-आनन्दको विज्ञान’ बजारमा सर्वत्र उपलव्ध छन् । खोजी-खोजी पढौं ।
लेखक : डिलाराम लामिछाने
कृति : जीवन दर्शन (सबै वर्ग र तहका व्यक्तिहरुलाई उपयुक्त पुस्तक)
पुस्तक पाइने ठाउँहरु
बुकमार्ट, गैह्रपाटन, पोखरा, पाठक बुक्स एण्ड स्टेशनरी, सभागृहचोक
बाजे पुस्तक पसल, महेन्द्रपुल, पोखरा
स्पार्क बि. एण्ड डि. हस्पिटल, सभागृहचोक, पोखरा
एवं पोखराका प्रमुख पुस्तक पसलहरु ।
सम्पर्क : फोन : ०६१-५२१४०८, मोवाइल : ९८४६०३४३८४



Banking Career

Join BTI
General Banking Course
ADMISSION OPEN
Class from 25th Kartik, 2071
Banking Training Institute (BTI)
Sabhagriha Chowk, Pokhara
Ph: 061-528303, 9856031380
www.bti.com.np
TRAINING RECRUITING CONSULTING

के तपाईमा यौनसम्बन्धी समस्या छ ?
पुरूषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।
महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : छासूत्रद्वारा पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।
बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा